यस व्यास नगरकार्यपालिकाको १७९ औं बैठक आज मिति २०८०/०९/२३ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मन बहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णु कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्ण प्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दल बहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य-सचिव | - श्री गंगालाल सुवेदी | उपस्थित |
| अधिकृत सातौं | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: मिति २०८०/०९/११ को निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: आ.व. २०८०/०८१ को संशोधित बजेट सम्बन्धमा ।
प्रस्ताव नं.३ :कृषि व्यवसायका लागि जग्गा रजिष्ट्रेशन छुट सम्बन्धमा ।
प्रस्ताव नं.४: विधायन समितिबाट प्रस्तावित विभिन्न ऐनमा संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.५: आ.व. २०८०/०८१ को पारित नीति कार्यक्रमको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.६: ४० औं नगर सभामा प्रस्तुत गरिने विभिन्न प्रस्ताव तयारी समिति सम्बन्धमा ।
प्रस्ताव नं.७: भुमिहिन दलित, भुमिहिन सुकुम्बासी, अव्यवस्थित बसोवासीको जग्गा नापी सम्बन्धमा ।
प्रस्ताव नं.८: तनहुँ जिल्लाको पुनः नापी गर्ने प्रस्ताव अघि बढाउने सम्बन्धमा ।
प्रस्ताव नं.९: राजश्वका दरहरु संशोधन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: आर्थिक ऐन, २०८० विनियोजन ऐन, २०८० मा संशोधन प्रस्ताव पेश गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११ व्यास नगरपालिका वडाहरुको वर्गीकरण गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२ जग्गा विकास आयोजनाको संघीय कार्यविधिलाई अनुमोदन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३: बाल विकास शिक्षक सरुवा गर्ने सम्बन्धमा ।
प्रस्ताव न.१४: बाल विकास शिक्षक नियुक्ति अनुमती दिने सम्बन्धमा ।
प्रस्ताव नं.१५: स्लेट ढुङ्गा कटिङ्ग उद्योग दर्ता अनुमती सम्बन्धमा ।
प्रस्ताव नं.१६: 'घ' वर्ग निर्माण व्यवसायी इजाजत पत्र अनुमति सम्बन्धमा ।
प्रस्ताव नं.१७: डि.पि.आर स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१८: लिजा र एफ.आर.ए.को नतिजा सम्बन्धमा ।
प्रस्ताव नं.१९: कर्मचारीको तलबी प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.२०: कर्मचारी छनौटका लागि समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.२१: संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/०९/११ गते भएको कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८०/०८१ को लागि ३९ औं नगर सभाबाट पारित बजेट रू.१,६८,९१,२७,०००। मध्ये २०८० पौष १५ सम्म जम्मा रू.६७,००,२९,८३०।६७ प्राप्त भएको (३९.६७%) र कुल रू.४१,१४,८७,४१२। खर्च (२४.३६%) भएको विवरण प्राप्त भएको बैठकमा जानकारी प्राप्त भई बजेट तर्जुमा समितिको प्रस्ताव अनुसार आ.व.२०८०/०८१ का लागि संशोधित रू.१,६७,११,२७,०००। को आय, व्यय बजेट कार्यक्रम ४० औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.५ बस्ने प्रो.श्री विष्णुकुमार श्रेष्ठबाट सञ्चालन गर्दै आएको चापाघाट एग्रो एण्ड मल्टी प्रपोज प्रा.लि. ले कृषि सम्बन्धी व्यवसाय सञ्चालन गरी थप विस्तार प्रवर्द्धनका लागि व्यास नगरपालिका वडा नं.११ बस्ने विध्याकुमार श्रेष्ठद्वारा विध्यारोशन पोल्ट्री एण्ड ब्रीडिङ प्रा.लि.को नाउँमा सञ्चालन हुँदै आएको साविक फराकचौर नक्सा नं. ५/ख कि.नं.८७५ क्षेत्रफल २-०-०-० र नक्सा नं. ५/ख कि.नं.८७६ क्षेत्रफल ५-११-२-० रहेको कृषिजन्य जग्गा उल्लेखित प्रा.लि.ले रजिष्ट्रेशन गरी लिन लागेकाले नियमानुसार रजिष्ट्रेशन शुल्कमा छुट गरिदिन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा विधायन समितिबाट पेश हुन आएको शिक्षा ऐन, २०७५, न्यायिक समिति सञ्चालन (कार्यविधि) २०७४ लाई संशोधन प्रस्ताव स्वीकृतिका लागि ४० औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८०/०८१ को ३९ औं नगर सभाबाट पारित नीति कार्यक्रमको समीक्षा प्रतिवेदन सभामा पेश गर्न नगर प्रमुखलाई आवश्यक सहजीकरणका लागि प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा तोक्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा ४० औं नगर सभामा उठान भएका विभिन्न विषयमा प्रस्ताव तयार गरी पेश गर्न निम्नानुसार प्रस्ताव समिति गठन गर्ने निर्णय गरियो ।

(१) संयोजक श्री जीवन गुरुङ्ग (कुमार)
(२) सदस्य श्री कृष्णप्रसाद न्यौपाने
(३) सदस्य श्री चन्द्रमाया परियार
(४) सदस्य श्री किस्ना दुरा गुरुङ्ग
(५) सदस्य श्री रनसिं नेपाली

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाभित्र नापी प्रकृया चलिरहेको भुमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीको जग्गा सम्बन्धमा तनहुँ जिल्ला भुमि आयोगका अध्यक्ष श्री रामचन्द्र अधिकारी, मालपोत कार्यालय, तनहुँका प्रमुख केशवराज सुवेदी, नापी कार्यालय, तनहुँका प्रमुख श्री विजयकुमार सिंहसँग बैठकमा अन्तर्क्रियात्मक छलफल गरी भुमिहिन दलित, भुमिहिन सुकुम्वासीको जग्गा नापी प्रकृयालाई प्राथमिकतामा राखी अव्यवस्थित बसोवासीको जग्गा नापी गर्दा ऐन नियमले मिल्ने क्षेत्रमा मात्र नापी प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा २०२९/३० सालतिर तनहुँमा भएको नापी फ्रिसिटको हुँदा पुनः नापीका लागि तनहुँका अन्य पालिकासँग समन्वय गरी नेपाल सरकारसँग माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.९ :** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा ४० औं नगर सभामा प्रस्ताव गर्ने गरी राजश्व परामर्श समितिबाट पेश हुन आएको राजश्वका दरहरुको हेरफेर संशोधन प्रस्ताव नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा ३९ औं नगर सभाबाट पारित आर्थिक ऐन, २०८०, विनियोजन ऐन, २०८० लाई संशोधन गर्नुपर्ने गरी राजश्वका दरमा हेरफेर र बजेट कार्यक्रममा समेत संशोधन हुने देखिंदा स्वीकृतिका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा नेपाल सरकार राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रकाशित विवरण अनुसार यस नगरपालिकाको वडा नं.१, २, ३, ४ लाई शहरी वडा, वडा नं.५, १० लाई अर्ध-शहरी वडा र वडा नं.६, ७, ८, ९, ११, १२, १३, १४ लाई ग्रामिण वडामा वर्गीकरण गरेको देखिंदा सो वर्गीकरणका आधार समतामूलक बजेट कार्यक्रमलाई प्राथमिकता दिई आगामी कार्यक्रमहरु अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा संघीय मन्त्रालयबाट जारी जग्गा विकास आयोजना सञ्चालन कार्यविधिलाई यस नगरपालिकाले पालना गर्दै आएकाले स्वीकृति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.७ कलेस्ती स्थित क्यामिन मा.वि.मा कार्यरत बाल विकास शिक्षक श्री सिता विष्टलाई बाल विकासमा अत्यधिक विद्यार्थी रहेको व्यास २ स्थित सत्यवती मा.वि..मा स्थानान्तरण गर्ने र सत्यवती मा.वि. मा दिइएको स्वयंसेवक शिक्षकको कोटामा पुनर्विचार गरी पेश गर्न शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.७ कलेस्तीस्थित क्यामिन मा.वि.मा बाल विकास शिक्षक दरबन्दीमा नियमानुसार विज्ञापन गरी शिक्षक नियुक्ति गर्ने अनुमति दिने व्यवस्था मिलाउन शिक्षा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका स्लेट ढुंगा सम्बन्धी अनुगमन तथा मूल्यांकन समितिबाट सिफारिस भई आएका देहाय बमोजिमका योग्यता पुगेका स्लेट ढुंगा कटिङ उद्योगहरु सञ्चालनका लागि स्वीकृत प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | सञ्चालकको नाम थर | उद्योगको नाम | उद्योगको ठेगाना | सञ्चालकको ठेगाना |
|---|---|---|---|---|
| १. | सुकबहादुर गुरुङ | गुरुङ ढुंगा कटिङ उद्योग | व्यास १०, लामिडाँडा, तनहुँ | आरुघाट ६, गोर्खा |
| २. | गोविन्द तिमल्सेना | ओम विष्णु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | व्यास १, अम्रेनी, तनहुँ | व्यास ११, तनहुँ |
| ३. | सुरज आले | नाग्यश्वरी कन्स्ट्रक्सन प्रा.लि. | व्यास १, अम्रेनी, तनहुँ | शुक्लागण्डकी ५, तनहुँ |
| ४. | प्रेमबहादुर सार्की | थ्रि.एस.कलात्मक कटिङ उद्योग | व्यास ७, कलेस्ती, तनहुँ | भानु १२, तनहुँ |
| ५ | अक्ष्य अधिकारी | एस.एस.कलात्मक उद्योग | व्यास १, तालघरे, तनहुँ | व्यास १, तनहुँ |
| ६ | संगम घर्ती | झाकी ढुंगा कटिङ उद्योग | व्यास १, नयाँपुल | व्यास १ तनहुँ |
| ७ | कल्पना मजाकोटी | अ.वि.कलात्मक ढुंगा कटिङ उद्योग | व्यास १०, तनहुँ | भानु १२, तनहुँ |

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि २०७७ बमोजिमको मूल्याङ्कन समितिबाट सिफारिस भई आएका देहाय बमोजिमका योग्यता पुगेका निर्माण व्यवसायीहरुलाई 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

| क.सं. | फर्मको नाम | फर्मको ठेगाना | प्रोपाइटरको नाम | प्रोपाइटरको ठेगाना |
|---|---|---|---|---|
| १. | वि.आर. कन्स्ट्रक्सन | व्यास २, बागबजार, तनहुँ | विजय घिमिरे | स्याग्दे ३, धयेरे तनहुँ |
| २. | व्यास निर्माण सेवा | व्यास ३, तनहुँ | रामजी प्रसाद तिमल्सेना | व्यास ३, तनहुँ |

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ स्थित निर्मल माध्यामिक विद्यालयको प्राविधिक शिक्षा अर्न्तगत विद्यालय भवन र प्रयोगशाला निर्माणको लागि विद्यालयले श्री जेटा इन्जिनियरिङ कन्सल्टेन्सी पोखरा ५ सँग सम्झौता गरी आफ्नै श्रोतबाट विस्तृत आयोजना प्रतिवेदन (डि.पि.आर.) निर्माण भै स्वीकृतिको लागि पेश भएकोमा उक्त डि.पि.आर.स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्यांकन (FRA) सम्बन्धी मूल्यांकन प्रस्ताव र यस नगरपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) कार्यपालिका बैठकमा पेश हुन आएकोले उक्त मूल्यांकन पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा कार्यरत कर्मचारीहरुको आ.व.२०८०।०८१ को तलबी प्रतिवेदन पारितका लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको लागि आवश्यक पर्ने तपसिलमा उल्लेखित कर्मचारीहरु छनोटका लागि देहाय बमोजिम छनौट समिति गठन गर्ने निर्णय गरियो ।

**(१) क्षयरोग मुक्त अभियान कार्यक्रम संयोजक**

(क) संयोजक -प्रमुख प्रशासकीय अधिकृत श्री गंगालाल सुबेदी

(ख) सदस्य -जनस्वास्थ्य अधिकृत श्री प्रमोद सोती

(ग) सदस्य -कम्प्युटर अधिकृत श्री गोकर्णराज वाग्ले

(घ) सदस्य सचिव -प्रशासकीय अधिकृत श्री रामचन्द्र हड्खले

**(२) सूचना प्रविधि अधिकृत**

(क) संयोजक -प्रमुख प्रशासकीय अधिकृत श्री गंगालाल सुबेदी

(ख) सदस्य कम्प्युटर -अधिकृत श्री गोकर्णराज वाग्ले

(ग) सदस्य -सूचना प्रविधि अधिकृत श्री विशाल पण्डित

(घ) सदस्य सचिव -प्रशासकीय अधिकृत श्री रामचन्द्र हड्खले

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण सम्बन्धी प्रतिवेदन अध्यावधिक गरी आगामी नगर सभामा पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

***